नेपाल सरकार

## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

### प्रेस विज्ञप्ति

मितिः २०७९/०६/७

नेपाल-भारत बीच जलस्रोत क्षेत्रमा सहकार्यको लागि स्थापित संयन्त्र संयुक्त स्थायी प्राविधिक समिति (Joint Standing Technical Committee ) को सातौं बैठक नेपाल तर्फबाट ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री शिशिर कोइराला तथा भारतको तर्फबाट गंगा बाढी नियन्त्रण आयोगका अध्यक्ष श्री एम.के. श्रीनिवास को संयुक्त नेतृत्वमा मिति २०७९ असोज ५ र ६ गते सम्पन्न भयो। त्यसै गरी नेपाल-भारत बीच जलस्रोत क्षेत्रमा सहकार्यको लागि स्थापित संयन्त्र संयुक्त जलस्रोत समिति (Joint Committee on Water Resources) को नवौं बैठक नेपालको तर्फबाट ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री सागर कुमार राई तथा भारतको तर्फबाट जलस्रोत मन्त्रालयका सचिव श्री पंकज कुमारको संयुक्त नेतृत्वमा मिति २०७९ असोज ७ गते सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

दुवै बैठकहरूमा जलस्रोतको विकास,व्यवस्थापन तथा उपयोगको लागि भएका सन्धी, सम्झौताका विषयहरूमा द्विपक्षीय छलफल गरी देहाय बमोजिमका सहमती गरियो।

१. पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) लाई अन्तिम रुप प्रदान गर्न गठित विज्ञ समूहको कार्य अवधि थप गरि चौथो बैठक आगामी ३ महिना भित्र सम्पन्न गर्ने।

२. पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको लागि गठन भएको पञ्चेश्वर प्राधिकरणमा दुवै पक्षबाट पूर्णकालीन रुपमा काम गर्न तीन महिना भित्र सबै कार्यकारी समितिका पदाधिकारीहरु दुवै देशबाट पठाउने।

३. महाकाली सन्धी बमोजिम टनकपुर ब्यारेजबाट नेपालले सिंचाइको लागि प्राप्त गर्ने पानीको सम्बन्धमा शारदा ब्यारेज संचालन मोडालिटी अनुसार नै आपसी सहमतिमा टनकपुर ब्यारेज संचालन मोडालिटी तय गर्ने।

४. सप्तकोशी उच्च बाँध आयोजनाको डुबान क्षेत्र, माथिल्लो तटीय क्षेत्रमा प्रस्तावित/संचालित गरिएका आयोजनाहरू,सामाजिक तथा वातावरणीय र प्राविधिक पक्षहरू समेतलाई मध्यनजर गर्दै सप्तकोशी उच्च बाँध आयोजनाको आकार प्रकारका (Project Parameters) सम्बन्धमा पुर्नविचार गर्न थप अध्ययन गरि सोको आधारमा अगाडी बढाउने। उक्त आयोजनाको संयुक्त प्राविधिक टोली (Joint Team of Experts) को बैठक एक वर्ष भित्र गर्ने।

५. नेपाल-भारत बीच जल तथा मौसम सम्बन्धी तथ्यांकहरुको आदान प्रदानको लागि गठित प्राविधिक समितिमा दुवै पक्षबाट १/१ सुचना प्रविधि/दुरसंचार विज्ञ थप गरी सोको दोस्रो बैठक आगामी ३ महिना भित्र गर्ने।

६. नेपाल-भारत सिमानामा हुने विविध डुवानको समस्या समाधानको लागि छलफल तथा संयुक्त स्थलगत निरीक्षण गर्न गठित समूह (Joint Committee on Inundation and Flood Management -JCIFM) तथा उपसमूह (Subgroup) लाई थप प्रभावकारी बनाउने।

७. खाँडो,वाणगंगा तथा पश्चिम राप्ती नदीहरूमा बाढी व्यवस्थापन गर्न आवश्यक तटबन्ध लगायतका संरचनाहरूको निर्माण कार्य भारत सरकारको अनुदान र नेपाल सरकार समेतको लगानीमा यथाशीघ्र अगाडी बढाउने।

(मधु प्रसाद भेटुवाल)
प्रवक्ता एवं सहसचिव